**रुपनी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

रुपनी, सप्तरी

२ नं. प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति २०७४/१२/०४ फोन नं.: ०३१-४५००३५

## सौर्य सडक बत्ती जडान सम्बन्धि बोलपत्र आव्हानको सूचना

यस रुपनी गाँउपालिका क्षेत्रमा वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र र रुपनी गाँउपालिकाको संयुक्त लगानीमा शहरी सौर्य सडक बत्ती जडान गर्न निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको बोलपत्र आव्हान गरिएको छ ।

शर्तहरुः-

१. बोलपत्र फारम रु ३०००। (पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयमा खरिद गर्न सकिने छ ।

२. खरिद भएको वोलपत्र फाराम फर्मले सिलवन्दी गरी खाम वाहिर आफनो फर्मको नाम र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा सूचना प्रकाशित भएको मितिले ३१ औं दिनसम्म दिनको १२ बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पूग्नेछैन । कारणवश सिलवन्दी बोलपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. बोलपत्र शर्त रहित केरमेट नभएको हुनुपर्नेछ यदि केरमेट भएमा केरमेट भएको ठाउमा बोलपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।

४. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको रा.बा. बैक राजबिराजमा रहेको धरौटी खाता नं. २१८०३०३००७११३ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा १२० दिन (लागत अनुमानको आधारमा तय गर्ने) म्याद भएको मान्यता प्राप्त क वर्गाको बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्ने छ ।

५. ठेक्का स्वीकृत भए पछि ठेक्का अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको रा.बा. बैक राजबिराजमा रहेको धरौटी खाता नं. २१८०३०३००७११३ मा जम्मा खातामा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा ५ बर्ष १ महिना म्याद भएको मान्यता प्राप्त क वर्गाको बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।

६. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । वोलपत्र फारमको प्रत्येक पानामा सम्वन्धीत ठेकदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ ।

७. एक फर्मको नाममा खरिद गरिएको वोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

८. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ ।

९. बोलपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ ।

१०. प्रि-बिड मिटिङ्ग बोल पत्रको अन्तिम मिति भन्दा १२ दिन अगावै २०७४ चैत्र २२ हुनेछ ।

११. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ । अन्य कुराहरु वोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत